ककनी गाँउपालीका
गाउँ कार्यपालिकाको कार्यालय
# कृषि विकास शाखा
रानीपौवा, नुवाकोट ।
बागमती प्रदेश, नेपाल ।

सूचना नं. :- ०५

**हिउँदे फलफुल (किवि, ओखर, खुर्पानी ) बिरुवा ५० प्रतिशत अनुदानमा वितरण कार्यक्रम सम्बन्धि सूचना !**

*(प्रथम पटक प्रकाशित मिति:-२०७८।०८।१२)*

यस ककनी गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय,कृषि विकास शाखा रानीपौवा नुवाकोटको चालु आ.व.०७८।७९ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत आर्थिक संकेत नं.२६३३१ (वित्तिय सामान्यिकरण) अन्तर्गत पर्ने **हिउँदे फलफुल बिरुवा वितरण ५० प्रतिशत अनुदान** कार्यक्रम रहेको हुँदा ईच्छुक **कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी**हरुले यस सूचना प्रकाशन भएको मितिले **१५ (पन्ध्र) दिन** (*मिति २०७८/०८/२७ गते कार्यालय समय* भित्र) ककनी गाउँपालिका, कृषि विकास शाखामा तपशिलमा तोकिएको ५० प्रतिशत रकम तथा आवश्यक कागजातका साथमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरीएको सम्पूर्णमा जानकारीको लागि अनुरोध छ ।

**तपशिल**

| क्र. सं. | कार्यक्रम | आवश्यक कागजात | कृषकले बेहोर्नुपर्ने ५० प्रतिशत रकम (प्रति के.जि./रु) | कै. |
|---|---|---|---|---|
| १. | हिउँदे फलफुल (किवि, ओखर, खुर्पानी )बिरुवा वितरण ५० प्रतिशत अनुदान | ➢ कृषकको हकमा - आवश्यक बिरुवाको परिमाण खुल्ने गरी निवेदन साथमा नागरीकताको प्रमाणपत्रको प्रतिलिपि ।<br>➢ कृषि फर्मको हकमा- आवश्यक बिरुवाको परिमाण खुल्ने गरी निवेदन साथमा फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।<br>➢ कृषक समुह/सहकारीको हकमा- निवेदन, आवश्यक बिरुवाको परिमाण खुल्ने गरी बिरुवा माग गर्ने निर्णयको प्रतिलिपि साथमा समूह/सहकारी दर्ताको प्रमाणपत्रको प्रतिलिपि तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि । | १. किवि कलमी बिरुवा प्रति बोट रु.८७.५/-<br>२.ओखर कलमी बिरुवा प्रति बोट रु.५०/-<br>३.खुर्पानी कलमी बिरुवा प्रति बोट रु.२५/- | |

**थप जानकारीका लागि** ककनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, रानीपौवा नुवाकोट सम्पर्क नं.. ९८४१३६५७४५, ९८४२७२५९८७, ९८६२८०७१५२, ९८४९६८३५४२ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

२०७८/०८/१२
शम्भु सिलवाल
कृषि प्रसार अधिकृत

# ककनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# कृषि बिकास शाखा

रानीपौवा, नुवाकोट

३ न. प्रदेश नेपाल

पत्र संख्या : ०७८/७९ मिति: २०७८/०८/१२

चलानी नम्बर : १५१

श्री, सम्पूर्ण वडा कार्यालयहरु
ककनी गाउँपालिका
नुवाकोट ।

**बिषय:** सूचना टाँस गरि आवश्यक सहयोग गरिदिने सम्बन्धमा ।

प्रस्तुत बिषयमा, यस ककनी गाउँपालिका कृषि बिकाश शाखाको चालु आ. व. २०७८/७९ को बार्षिक स्विकृत **हिउँदे फलफुल ( किवी, ओखर, खुर्पानी ) बिरुवा ५० प्रतिशत अनुदानमा वितरण कार्यक्रम** संचालनका निम्ति यस ककनी गाउँपालिका भित्र रहेका इच्छुक कृषक, कृषि समूह / कृषि सहकारी बाट माग संकलन गर्नपर्ने भएको संबन्धित सूचना (सूचना नं. ५ ) आफ्नो वडा कार्यालयमा टास गरी आवश्यक सहयोग गरिदिनहुन अनुरोध गर्दछु । साथै उक्त सूचना यसै पत्रका साथ पाठइएको व्यहोरा जानकारी गराउद छु ।

सुनिता तामाङ्ग
शाखा प्रमुख